# राष्ट्रिय खोप कार्यक्रम

# पूर्ण खोप गाविस सुनिश्चितता

पूर्ण खोप, सुरक्षित भविष्य



## कार्यबिधि निर्देशिका–२०६९

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**बाल स्वास्थ्य महाशाखा**

World Health Organization
Country Office for Nepal

unicef

पूर्ण खोप, सुरक्षित भविष्य

# राष्ट्रिय खोप कार्यक्रम
# पूर्ण खोप गाविस सुनिश्चितता
# कार्यबिधि निर्देशिका–२०६९

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**बाल स्वास्थ्य महाशाखा**
२०६९

unicef

World Health Organization
Country Office for Nepal

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
....................................महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पचली, टेकू,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-

चलानी नम्बर:-

मिति : ...............................

२०६९/१०/२५

**विषय :** **प्राक्कथन**

खोप सेवा नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो । सहश्राब्दी विकास लक्ष्य ४ र ५ प्राप्न गर्नका लागि खोप सेवाको योगदानलाई महत्वपूर्ण कडीको रुपमा स्वीकार गरिएको छ । विफरको उन्मूलनसँगै प्रारम्भ भएको खोप सेवा सबै जिल्लामा विस्तार भईसकेको अवस्थामा पनि भौगोलिक, सामाजिक, आर्थिक तथा केही सांस्कृतिक कठिनाइले हालसम्म पनि करीव १३ प्रतिशत बालबालिकाहरु पूर्ण खोप सेवाबाट वञ्चित भएका छन् । निःशुल्क र सहजै रुपमा प्राप्त गर्न सकिने यो सेवाबाट अझैपनि बालबालिकाहरु बञ्चित भएकोले खोपबाट छुट भएका बालबालिकाको संख्या पनि न्यून रहेको परिप्रेक्ष्यमा स्थानीयस्तरबाटै खोप सेवाको योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा प्रत्यक्ष सहभागिता भएमा अवश्यपनि सबै लक्षित बालबालिकाले खोप सेवा प्राप्त गर्ने कुरा निश्चित गर्न सकिन्छ ।

यही पृष्ठभूमिलाई आधार मानी बालबालिकाले पुरा खोप सेवा पाउन् भन्ने अभिप्रायले पूर्ण खोप गाविसको अबधारणा ल्याइएको छ । पूर्ण खोप गाविस हुनका लागि त्यस गाविसमा रहेका १२–२३ महिनाका सबै बालबालिकाले १ बर्षको उमेरभित्र सबै खोप पुरा गरेको प्रमाणित भएको खण्डमा उक्त गाविसलाई पूर्ण खोप गाविस भनी घोषणा गर्न सकिने रहेको छ । गाविसलाई पूर्णखोप प्रमाणित गर्नका लागि स्थानीय निकायको प्रत्यक्ष संलग्नता अपेक्षा गरिएको छ । आ.ब. २०६९/७० देखि प्रारम्भ हुने यस कार्य नेपालका सबै गाविसमा विस्तार गर्ने योजना रहेको छ ।

**माघ २०६९**

...............................
डा. मिङ्गमार गेल्जेन शेर्पा
महानिर्देशक
स्वास्थ्य सेवा विभाग

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
............................................महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पत्र संख्या:-
चलानी नम्बर:-

पचली, टेकु
काठमाडौं, नेपाल ।

मिति : २०६९/१०/२५

# मेरो भनाई

वि.सं. २०३४ सालमा प्रारम्भ भई विस्तारित खोप आयोजनाको नामबाट व्यापकता पाएको खोप सेवाले आजसम्म आइपुग्दा समय सापेक्ष भएका नीतिगत सुधार, सेवाको विस्तार, मानवीय र संस्थागत संरचनामा भएको स्तरोन्नति, खोप सेवाको सहज उपलब्धता र व्यापक उपभोगका कारण नै बालबालिकाको विरामीदर, मृत्युदर र अपाङ्गपनमा उल्लेखनीय कमी आएको सर्वबिदितै छ । सन् २०११ मा सार्वजनिक गरिएको जनसांख्यिक स्वास्थ्य सर्भेक्षणको नतिजा बमोजिम पनि नेपालमा पूर्ण खोप सेवा प्राप्त गर्नेहरुको संख्या ८७ प्रतिशत देखिएको छ । तरपनि हरेक बालबालिकाको जन्मसिद्ध अधिकारसँग गाँसिएको गुणस्तरीय खोप सेवा लक्षित वर्गसम्म पुर्‍याउनु हाम्रो जिम्मेवारी हो भने उपलब्ध सेवालाई निरन्तर रुपमा उपभोग गर्नु समुदायको पनि दायित्व हो ।

हालसम्मका उपलब्धीलाई कायम राख्दै सबै लक्षित बालबालिकाले तोकिएको अबधिभित्र पूर्ण खोप सेवा प्राप्त गरुन् भन्ने अभिप्रायले पूर्ण खोप गाविस सुनिश्चिता गर्ने अवधारणा ल्याइएको छ । स्थानीय निकायको प्रत्यक्ष संलग्नता, अपनत्व र यसको निरन्तरताबाट नै पूर्ण खोप गाविस बनाउन सहज हुने विश्वास लिइएको छ । यस अवधारणालाई मूर्तरुप दिनका लागि प्रयासरत खोप शाखा प्रमुख श्री गिरीराज सुवेदीका साथै शाखाका सम्पूर्ण सहकर्मी स्वास्थ्यकर्मी प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । यसलाई पूर्ण रुप दिनमा सहयोग गर्नुहुने विश्व स्वास्थ्य संघ र युनिसेफका मित्रहरुको निरन्तर सहयोगप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु । यस निर्देशिका तयार गर्नमा महत्वपूर्ण सहयोग गर्नुहुने सबैमा धन्यवाद दिँदै पूर्ण खोप गाविस बनाउनमा संलग्न हुनुपर्ने सबै अभिभावक, स्थानीय निकायका पदाधिकारीहरु, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह र सबै स्वास्थ्यकर्मीहरुको प्रयास निर्णायक हुने कुरामा दुइमत हुने छैन भन्ने कुरामा हामी विश्वस्त छौं ।

माघ २०६९

डा. तारानाथ पोखरेल
निर्देशक
बाल स्वास्थ्य महाशाखा

# बिषय सूचि


| क्र.सं. | बिषय | पेज |
|---|---|---|
| १. | पृष्ठभूमि | ९ |
| २. | परिचय | ९ |
| ३. | पूर्ण खोप | १० |
| ४. | पूर्ण खोप गाविस | १० |
| ५. | लक्ष्य | १० |
| ६. | उद्देश्य | १० |
| ७. | अपेक्षित उपलब्धी | ११ |
| ८. | पूर्ण खोप गाविसका साझेदारहरु | ११ |
| ९ | पूर्ण खोप गाविसका आधारहरु | १२ |
| १० | पूर्ण खोप गाविस घोषणका प्रक्रियाहरु | १३ |
| ११. | दिगोपना | १६ |
| १२. | बिभिन्न निकायको भूमिका | १६ |


## अनुसूचीहरु


**अनुसूची (क)**
जिल्ला खोप समन्वय समिति २०

**अनुसूची (ख)**
स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले जिल्ला खोप समन्वय समितिमा पठाउने पत्रको नमूना २२

**अनुसूची (ग)**
पूर्ण खोप गाविस प्रमाणित गरिएको प्रमाणपत्रको नमूना २४

**अनुसूची (घ)**
नेपाल सरकारबाट प्रयोगमा ल्याइएको डिफल्टर ट्रेसिङ्ग अनुगमन पुर्जाको नमूना २५

**अनुसूची (ङ)**
खोप रजिष्टर वा गाविसभित्रका १ बर्षमुनिका बालबालिकाको सूची तयार गर्ने फारमको नमूना २८

**अनुसूची (च)**
पूर्ण खोप पाएका १२–२३ महिनाका बालबालिकाको समायोजन बिबरण फारम ३०

**अनुसूची (छ)**
१२ देखि २३ महिनाका बालबालिकामा गरिने सुलभ सर्भेक्षण फारमको नमूना ३२

## १. पृष्ठभूमि

खोप सेवा नेपाल सरकारको पहिलो प्राथमिकता प्राप्त कार्यक्रम हो । बालबालिकाको मृत्युदर र विरामीदर घटाउनमा खोप सेवाको महत्वपूर्ण योगदान रहेको छ । नेपालमा प्रत्येक बर्ष करीव ६ लाख ६० हजारभन्दा बढी नवशिशुहरु जन्मन्छन् र ती सबै बालबालिकाहरुले पूर्ण खोप प्राप्त गर्नु उनीहरुको नैसर्गिक अधिकार हो । नेपाल सरकारको बहुबर्षीय खोप नीति २०११–१६ अनुसार सन् २०१६ को अन्त्य सम्ममा सबै गाविस तथा जिल्लाहरुमा पूर्ण खोपको कभरेज ९० प्रतिशत भन्दा बढी पुर्‍याउने लक्ष्य राखिएको छ । यद्यपि जनसांख्यिक स्वास्थ्य सर्भेक्षण २०११ अनुसार अझै १० प्रतिशत बालबालिकाले आंशिक र ३ प्रतिशत बालबालिकाले कुनैपनि खोप सेवा प्राप्त गरेका छैनन्, जुन हाम्रा लागि चुनौतीको बिषय रहेको छ ।

## २. परिचय

सबै लक्षित बालबालिकाले जन्मेको १ बर्षको उमेरभित्रै पूर्ण खोप प्राप्त गरी सुरक्षित हुन् भन्ने अभिप्रायले पूर्ण खोप गाविस सुनिश्चित गर्ने कार्यक्रम ल्याइएको छ । यस कार्यमा नियमित र गुणस्तरीय खोप सेवा उपलब्ध गराउन स्थानीय स्वास्थ्य संस्थाको महत्वपूर्ण भूमिका रहन्छ भने प्राप्त सेवालाई निरन्तर उपभोग गर्नु समुदायको दायित्व रहन्छ । हालसम्मको प्राप्त उपलब्धीलाई कायम राखी खोपबाट छुट भएका सबै बालबालिकालाई पुरा खोप पाउने वातावरण बनाई पूर्ण खोप गाविस सुनिश्चित गरिनेछ । पूर्ण खोप गाविस सुनिश्चित गर्ने कार्यक्रम क्रमबद्ध रुपमा ७५ वटै जिल्लामा विस्तार गरिनेछ । यस कार्यमा जिल्ला खोप समन्वयय समितिको नेतृत्वमा सहयोगी संस्थाहरुको प्रत्यक्ष संलग्नता हुनेछ भने स्थानीयस्तरमा गाविस, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति, विद्यालय तथा स्थानीय गैरसरकारी संस्थाहरुको सहयोग महत्वपूर्ण हुनेछ ।

## ३. पूर्ण खोप

राष्ट्रिय खोप कार्यक्रममा हाल सञ्चालन गर्दै आएका खोपहरु, १ बर्षमुनिका बालबालिकाहरुलाई विसीजी एक मात्रा, डिपिटी-हेप बी-हिब तीन मात्रा, पोलियो तीन मात्रा तथा दादुरा-रुबेला एक मात्रा दिइन्छ साथै उच्च जोखिममा रहेका जिल्लाहरुमा १२ देखि २३ महिनाका बालबालिकाहरुलाई जेई खोप एक मात्रा दिइन्छ र गर्भवती महिलालाई दुई मात्रा टीटी खोप दिइन्छ। यस निर्देशिकाको सन्दर्भमा पूर्ण खोप भन्नाले १ बर्षको उमेरभित्र विसीजी एक मात्रा, डिपिटी-हेप बी-हिब तीन मात्रा, पोलियो तीन मात्रा तथा दादुरा-रुबेला एक मात्रा खोप लिएको शिशु सम्भनुपर्दछ।

## ४. पूर्ण खोप गाविस

गाउँ विकास समिति (गाविस) मा १२–२३ महिनाका बालबालिकामा सर्भेक्षण गर्दा सबै बालबालिकाले १ बर्षको उमेरभित्र पूर्ण खोप प्राप्त गरेको पाइएको छ भने त्यस्तो गाविसलाई पूर्ण खोप गाविस भनिन्छ।

## ५. लक्ष्य

स्थानीयस्तरका सबै साभ्केदार तथा सरोकारवालाहरुको सहकार्यमा एक बर्षमुनिका सबै बालबालिकालाई पूर्ण खोप उपलब्ध गराई खोपबाट बचाउन सकिने रोगको कारण रोगलाग्नेदर, अपाङ्गपन र मृत्युदरमा कमी ल्याउनु कार्यक्रमको लक्ष्य रहेको छ।

## ६. उद्देश्य

(क) गाविसहरुभित्र रहेका सबै लक्षित बालबालिकालाई राष्ट्रिय खोप कार्यक्रमको खोप तालिका अनुसारको पूर्ण खोप प्रदान गर्नु

(ख) राष्टिय खोप कार्यक्रममा स्थानीय स्तरका सबै साभ्केदार तथा सरोकारवालाहरुको संलग्नता र स्वामित्वको विकास गर्नु,

(ग) स्थानीयस्तरमा श्रोतको पहिचान तथा परिचालन गरी गुणस्तरीय तथा दिगो खोप सेवा प्रदान गर्नु।

## ७. अपेक्षित उपलब्धी

- स्थानीय गाविसमा रहेका सत् प्रतिशत बालबालिकाले खोप तालिका अनुसार पूर्ण खोप प्राप्त गरेको हुनेछन्,
- स्थानीय श्रोत र साधनको व्यापक परिचालन बाट खोप सेवाले दिगो रुप पाएको हुनेछ,
- सरोकारवालाहरुको नियमित अनुगमनबाट सदैव सबै बालबालिकाले पूर्ण खोप पाएको सुनिश्चितता भएको हुनेछ,
- विद्यालय, स्थानीय निकाय, समाजसेवी, नागरिक समाज, गैरसरकारी निकायहरुहरुले पूर्ण खोप लगाउनका लागि आवश्यक सहयोग उपलब्ध गराउनेछन्
- समुदायमा स्वास्थ्यका अन्य कार्यक्रमहरुमा समेत अपनत्वको भावना विकास भई ती कार्यक्रममा उनीहरुको सहभागिता बृद्धि हुनेछ ।
- खोपको महत्व बुझी .....अभिभावक....

## ८. पूर्ण खोप गाविसका लागि साझेदारहरू

पूर्ण खोप गाविस घोषणा गर्नु एउटा महत्वपूर्ण कार्य हो भने यो उपलब्धीलाई कायम राख्नु अझ महत्वपूर्ण पक्ष हो। आफ्नो गाउँलाई पूर्ण खोप बनाउन स्थानीयस्तरमा गाउँ विकास समिति, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति, विद्यालयका शिक्षक विद्यार्थी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीयस्तरमा भएका सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, समूहहरु र समुदायका सम्पूर्ण सदस्यको भूमिका रहनेछ । यस अभियानमा स्थानीयस्तर लगायत जिल्ला, क्षेत्र र केन्द्रमा बिभिन्न साझेदार र सरोकारवालाहरु रहने व्यवस्था गरिएको छ ।

# ९. पूर्णखोप गाविस घोषणाका आधारहरू

गाविसका १२ देखि २३ महिनाका सबै बालबालिकाहरुले पूर्ण खोप प्राप्त गरेको सुनिश्चितता नै पूर्ण खोप गाविस घोषणाको मुख्य आधार हो । यसका साथै निम्न अनुसारका पूर्वाधारहरु अनिवार्य गरिएको छ ।

(क) कार्यक्रम प्रारम्भ गर्दा गाविसभित्र १ बर्षमुनिका बालबालिकाले खोप पाए नपाएको पहिचान गरी सो अनुसारको सूची खोप रजिष्टरमा वडा अनुसार तयार गर्ने र यसलाई अद्यावधिक गरिरहेको हुनुपर्ने,

(ख) नियमित खोप सेवाको सुक्ष्मयोजना अद्यावधिक गरी सोही बमोजिम खोप सेवा सञ्चालन भएको हुनुपर्ने,

(ग) कुनैपनि खोप नपाएका र आंशिक खोप पाएका बालबालिका पत्ता लगाई खोजी गर्ने फारम डिफल्टर अनुगमन पुर्जा HMIS २६, HSIS  प्रयोग गरीउनीहरुलाई पूर्ण खोप लगाउने व्यवस्था मिलाएको हुनुपर्ने,

(घ) स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन समितिले उक्त गाविसमा रहेका १२ देखि २३ महिनाका सबै बालबालिकाले १ बर्षको उमेरभित्रै सबै खोपको मात्रा पुरा गरेको निर्णयको प्रतिलिपि पेश गर्नुपर्ने,

(ङ) स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिबाट घरधुरी सर्भेक्षण वा पूर्ण खोप गाविस भएको आधिकारिक आधार जिल्ला खोप समन्वय समितिमा सिफारिश आइसकेपछि जिल्ला खोप समन्वय समितिबाट उक्त गाविसमा सुपरीवेक्षण टोली गई सुलभ सर्भेक्षण वा कुनै बिधिको प्रयोग गरी कुनैपनि बालबालिका पूर्णखोपबाट नछुटेको निश्चित गरिएको हुनुपर्ने,

(च) एकपटक पूर्ण खोप गाविस भनी घोषणा भइसकेका गाविसहरुमा निरन्तरता कायम राख्ने लिखित प्रतिबद्धता हुनुपर्ने ।

## १०. पूर्ण खोप गाविस घोषणाका प्रक्रियाहरु

पूर्ण खोप गाविस सुनिश्चत गरी घोषणा गर्नका लागि प्रक्रियागत रुपमा बिभिन्न चरणहरु पारगरी निरन्तरता समेत दिन निम्न प्रक्रियाहरु अपनाउनुपर्नेछ :

### १०.१ जिल्लास्तरीय परिचयात्मक तथा उत्प्रेरणा कार्यक्रम

(क) स्वास्थ्य संस्था प्रमुखहरुलाई जानकारी तथा उत्प्रेरणाः जिल्ला वा इलाकास्तरमा हुने नियमित बैठक वा अन्य कुनै कार्यक्रम सञ्चालन भएको अवसरमा स्वास्थ्य संस्था प्रमुखहरुलाई पूर्ण खोप गाविस सुनिश्चत गर्ने बिषयको वारेमा जानकारी गराई यसप्रति उत्प्रेरित हुने अवस्थाको सिर्जना गर्ने,

(ख) गाविस सचिवहरुलाई जानकारी तथा उत्प्रेरणा : जिल्ला विकास समितिको नियमित बैठकको अवसरमा पूर्ण खोप गाविस सुनिश्चत गर्ने बिषयको वारेमा जानकारी गराई यसप्रति उत्प्रेरित हुने अवस्थाको सिर्जना गर्ने

### १०.२ गाविसस्तरीय बैठक वा छलफल

गाविसस्तरमा पूर्ण खोप गाविस सुनिश्चित गर्ने विषयमा स्थानीय गाविसका मुख्य सरोकारवाला व्यक्तिहरुसँग स्वास्थ्य संस्था प्रमुखले छलफल गर्नेछन् र उक्त गाविसलाई पूर्ण खोप बनाउने बिषयमा अगाडि बढ्ने सहमत भएमा सो को व्यहोरा सहित गाविसस्तरीय १ दिने परिचयात्मक गोष्ठी सञ्चालन गर्न जिल्ला (जन) स्वास्थ्य कार्यालयमा अनुरोध गरिनेछ।

### १०.३ गाविसस्तरीय परिचयात्मक गोष्ठी ( १ दिने)

**उद्देश्य** : सहभागीहरुलाई पूर्ण खोप गाविस सुनिश्चितताको वारेमा विस्तृत जानकारी दिने र जिम्मेवारीको बाँडफाँड गर्ने,

**सहभागी** : स्वास्थ्य संस्था व्यवस्थापन समितिका पदाधिकारी, गाविस सचिव, विद्यालयका प्रधानाध्यापक, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय संघसंस्थाका सबै स्वास्थ्यकर्मी कर्मचारी, आमा समूहका प्रतिनिधि

**सहजकर्ता**: जिल्ला (जन) स्वास्थ्य प्रमुख र खोप सुपरभाइजर अधिकृत

**अपेक्षित उपलब्धी** : पूर्ण खोप गाविस सुनिश्चित गर्न बिभिन्न सरोकारवालाहरुको प्रतिबद्धता लिइएको र जिम्मेवारीको बाँडफाँड गरिएको हुनेछ ।

## १०.४ एक बर्षमुनिका बालबालिकाको सूची वडा अनुसार तयार गर्ने

विद्यालयका शिक्षक, विद्यार्थी तथा अन्य समुदायका मुख्य व्यक्ति तथा विशेषगरी महिला स्वास्थ्य स्वयंसेविकाहरुको सहयोगमा खोप दिने स्वास्थ्यकर्मीले १ बर्षमुनिका सम्पूर्ण बालबालिकाले पूर्ण खोप पाए/नपाएको निश्चित गरी सोको नामावली वडा अनुसार खोप रजिष्टरमा तयार गर्नेछन् । यसको अनुगमन गर्ने कार्य स्वास्थ्य संस्था प्रमुखले गर्नेछन् ।

**१०.५ उक्त सूचीको विश्लेषणको आधारमा** खोप नपाएका बालबालिकाहरुलाई खोप प्रदान गर्न स्वास्थ्य संस्था प्रमुखको अगुवाईमा सरोकारवाला समेतसँग छलफल गरी खोप सेवाको सुक्ष्मयोजना अद्यावधिक गर्नेछन् ।

**१०.६ सुक्ष्मयोजना अनुसार** संस्थागत, बाह्य तथा घुम्ती खोप सेसन मार्फत नियमित खोप सेवा प्रदान गर्नेछन् ।

**१०.७ कुनैपनि खोप नपाएका** र कुनै खोपको मात्रा लिन छुटभएका बालबालिकाको खोजपडताल कार्यलाई निरन्तरता दिई सबै बालबालिकाले खोप पाएको सुनिश्चित गर्दै खोप रजिष्टर अद्यावधिक गर्नेछन् ।

**१०.८ अद्यावधिक खोप रजिष्टर, खोप कार्ड** तथा समुदायसँगको अन्तर्क्रिया जस्ता माध्यमबाट स्वा.सं. व्य.समितिले उक्त गाविसका सबै १२ देखि २३ महिनाका बालबालिकाले १ बर्षको उमेरभित्रै सबै खोपको मात्रा पुरा गरेको अवस्था एकीन गरी पूर्ण खोप गाविस भएको सुनिश्चितता गरी घोषणाको लागि जिल्ला खोप समन्वय समितिको सचिवालय ( जिल्ला (जन) स्वास्थ्य कार्यालय) मा अनुरोध गर्ने ।

**१०. ९ प्राप्त सिफारिशका आधारमा** जिल्ला खोप समन्वय समितिले प्राबिधिक सहितको एक टोली खटाउनेछ र उक्त टोलीले गाविसमा पूर्ण खोप भएको सुनिश्चित गर्न Random Sampling बिधिबाट गाविसका कम्तीमा ३ वटा वडा छनौट गर्ने र ती ३ वडामा सोही बिधिबाट एउटा एउटा टोलको छनौट गरी सुलभ सर्भेक्षण गरी बिधि प्रयोग सर्भेक्षण गर्ने ।

**१०.१० सर्भेक्षणको नतिजाको आधारमा** उक्त गाविसमा सम्पूर्ण बालबालिकाले सबै खोपको मात्रा पुरा गरेका रहेछन भने सो गाविसलाई पूर्ण खोप गाविस घोषणा गर्न जिल्ला खोप समन्वय समितिले निर्णय गर्ने ।

**१०.११ उक्त निर्णयको आधारमा** सम्बन्धित स्वास्थ्य संस्था व्यवस्थापन समितिले पूर्ण खोप गाविस घोषणा सभाको आयोजना गरी पूर्ण खोप गाविसलाई प्रमाणपत्र प्रदान गर्ने । यसको जानकारी स्वास्थ्य सेवा विभाग बाल स्वास्थ्य महाशाखा तथा क्षेत्रीय स्वास्थ्य निर्देशनालयमा पठाउने ।

## ११. दिगोपना

एकपटक पूर्ण खोप घोषणा भइसकेका गाविसहरुले यसलाई कायम राख्न उपरोक्त प्रक्रियालाई निरन्तरता दिँदै निम्न क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ :

- खोप कार्यक्रमको अनुगमन, समिक्षा तथा मूल्यांकन गरी पूर्ण खोप गाविस भएको सुनिश्चिता गर्दै जिल्ला खोप समन्वय समितिमा लिखित जानकारी गराउने,
- जिल्ला खोप समन्वय समितिले पूर्ण खोप गाविसको निरन्तर अनुगमन गरी पूर्ण खोप गाविस कायम राख्ने,
- दिगोपना कायम राख्नका लागि जिल्ला खोप समन्वय समितिले त्यस्ता स्वास्थ्य संस्था/गाविसहरुलाई प्रोत्साहन गर्दै जाने,
- खोप कार्यक्रमको बिषयवस्तुलाई सामाजिक लेखा परीक्षणको निर्देशिकामा महत्वपूर्ण सूचकको रुपमा स्थान दिने,
- पूर्ण खोप गाविसका लागि आवश्यक जनशक्ति लगायत भौतिक पूर्वाधार जस्तै भवन, उपकरण, फर्निचर जस्ता सामग्री उपलब्ध गराउन केन्द्रीयस्तर वा स्थानीय स्तरबाट ध्यान दिने ।

## १२. बिभिन्न निकायको भूमिका

**(क) जिल्ला (जन) स्वास्थ्य कार्यालय**

- आगामी  बर्षमा पूर्ण खोप घोषणा गर्न प्रतिबद्ध गाविसको सूची तयार गरी त्यसको विवरण बाल स्वास्थ्य महाशाखामा पठाउने, र
- पूर्ण खोप गाविस घोषणको बिभिन्न प्रक्रियामा संलग्न हुने

**(ख) क्षेत्रीय स्वास्थ्य निर्देशनालय**

- नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने

**(ग) बाल स्वास्थ्य महाशाखा**

- कार्यक्रमको सफलताको आधारमा विस्तार गर्दै जाने,
- आवश्यकता अनुसार कार्यक्रमलाई परिमार्जन गरी नीति निर्माण गर्ने,
- आवश्यकता अनुसार बजेटको व्यवस्था गर्दै जानै, र
- कार्यक्रमको नियमित अनुगमन तथा सुपरीवेक्षण गर्नै ।

# अनुसूचिहरू

अनुसूची (क)

# १. जिल्ला खोप समन्वय समिति

- **संयोजक** : जि.वि.स. सभापति/स्थानीय विकास अधिकारी
- **सदस्यहरु**
  - प्रमुख जिल्ला अधिकारी तथा जिल्लास्तरीय सरकारी कार्यालयका प्रमुखहरु
  - जिल्ला स्थित अञ्चल/क्षेत्रीय, उप-क्षेत्रीय अस्पतालका मेडिकल सुपरीटेन्डेण्ट
  - मे.सु., जिल्ला अस्पताल/बरिष्ठ जनस्वास्थ्य अधिकृत, जिल्ला स्वास्थ्य कार्यालय
  - खोप सुपरभाइजर (अधिकृत)
  - सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका सञ्जालका अध्यक्ष
  - जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय
  - नगरपालिका प्रमुख, जिल्ला सदरमुकाम स्थित नगरपालिका
  - प्रतिनिधि जिल्लास्थित स्वास्थ्य सम्बन्धी निजी अस्पताल/नर्सिङ्ग होम, लायन्स क्लब, रोटरी क्लब,
  - नेपाल रेडक्रस सोसाइटीका जिल्ला सभापति
  - जिल्ला पत्रकार महासंघका अध्यक्ष
  - जिल्ला गैरसरकारी महासंघका अध्यक्ष
  - जिल्ला उद्योग बाणिज्य संघका अध्यक्ष

- राजनैतिक दलका प्रमुख प्रतिनिधि
- स्थानीय समाजसेवी

- **सदस्य–सचिव** : प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालय

पुनश्च : यो समन्वय समितिले गाविसस्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले पूर्ण खोप गाविस सुनिश्चित गर्ने भनी सिफारिश गरिएको गाविसको स्थलगत अनुगमन गरी निर्णय गर्नेछ ।

अनुसूची (ख)

# २. स्वास्थ्य संस्था व्यवस्थापन समितिले जिल्ला खोप समन्वय समितिमा पठाउने पत्रको नमूना

## स्वास्थ्य संस्था व्यवस्थापन समिति

प.सं.

**बिषय : पूर्ण खोप गाविस घोषणाका लागि सिफारिश गरिएको सम्बन्धमा ।**

**श्री अध्यक्षज्यू**
**जिल्ला खोप समन्वय समिति**
..........................।

उपरोक्त सम्बन्धमा यस ............................गाविसमा मिति २० / / सम्म १२ महिना पुगी २३ महिना सम्मका जम्मा ........... जना बालबालिका रहेका छन् । पूर्ण खोप गाविस सुनिश्चितताका लागि गर्नुपर्ने सम्पूर्ण प्रक्रिया अनुसार ती सबै बालबालिकाले १ बर्षको उमेरभित्र पूर्ण खोप प्राप्त गरेको सुनिश्चित गरिएको छ । यसवारे मिति २० / / मा बसेको स्वास्थ्य संस्था व्यवस्थापन समितिको बैठकले यस गाविसलाई पूर्ण खोप गाविस घोषणा गर्नका लागि जिल्ला खोप समन्वय समितिमा सिफारिश गर्ने निर्णय गरिएको हुँदा पूर्ण खोप गाविस घोषणा गरिदिनुहुन

हार्दिक अनुरोध गर्दछौं । वडा अनुसार बालबालिकाको विवरण यसैपत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

अन्त्यमा, आगामी दिनमा पनि यस गाविसलाई पूर्ण खोपको अवस्था कायम राख्न यस व्यवस्थापन समिति प्रतिबद्ध रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

| ................... | ................... |
|---|---|
| **सदस्य सचिव** | **अध्यक्ष** |
| स्वास्थ्य संस्था प्रमुख | स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति |

**बोधार्थ :**

प्रमुखज्यू, जिल्ला (जन) स्वास्थ्य कार्यालय

अध्यक्ष, गाउँ विकास समितिको कार्यालय

अनुसूची (ग)

## ३. पूर्ण खोप गाविस प्रमाणित गरिएको प्रमाणपत्रको नमूना

नेपाल सरकार

**जिल्ला खोप समन्वय समितिको सचिवालय**

...............जिल्ला

मिति : २०    /   /

# पूर्ण खोप गाविस प्रमाणपत्र

**पूर्ण खोप गाविस सुनिश्चित गर्ने कार्यबिधि निर्देशिका बमोजिमका सम्पूर्ण प्रक्रियाहरु पुरा गरी .................जिल्ला ................. गाविसको २० / / मा १२ देखि २३ महिना सम्मका सबै बालबालिकाले १ बर्षको उमेरभित्र पूर्ण खोप पाएको सुनिश्चित गरिएको हुँदा सधन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।**

**तहाँबाट गरिएको अथक प्रयासको प्रशंसा गर्दै पूर्ण खोपको अवस्था निरन्तर कायम रहने अपेक्षा गरिएको छ ।**

| | |
|---|---|
| (............................) | (............................) |
| सदस्य सचिव | अध्यक्ष |
| जिल्ला खोप समन्वय समिति | जिल्ला खोप समन्वय समिति |

अनुसूची (घ)

# ४. नेपाल सरकारबाट प्रयोगमा ल्याइएको डिफल्टर ट्रेसिङ्ग अनुगमन पुर्जाको नमूना

HMIS-26

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**स्वास्थ्य सेवा विभाग**

**डिफल्टर अनुगमन पुर्जा**

**DEFAULTER FOLLOW-UP SLIP**

श्री ......................................

निम्न व्यक्तिको अनुगमन गरी नियमित सेवा लिन उत्प्रेरित गर्नुभई प्रतिवेदन दिनुहोला ।

१. नाम, थर : ............................................ उमेर (महिना) : ........ लिङ्ग : ..........

२. ठेगाना : गा.वि.स./न.पा. : ................ वार्ड नं. : ...... गाउँ/टौल : ............

३. घरमूलीको नाम, थर : ............................................

४. लिइरहेको सेवा : ........................................

५. लिनुपर्ने सैवा : .............................................

५. सेवा लिन आउनुपर्ने मिति : ...................................

अनुगमन गर्न लगाउनै व्यक्तिकौ नाम : ............................

पद : .............................

मिति : ...........................

## (डिफल्टर अनुगमन गर्ने व्यक्तिलै भर्नै)

सम्पर्क गरैकौ मिति : ..................................

डिफल्टर हुनुको कारण : ..............................

कैफियत :..................................................

अनुगमन गर्नैकौ

नाम : .............................

पद : ..............................

सही : .............................

मिति : .............................

नोट : सबै प्रकारको नियमित सेवा लिन आउनुपर्ने बिरामीहरु/सेवाग्राहीहरु तोकिएको समयमा सेवा लिन नआएमा अनुगमन गर्न यो फाराम प्रयोग गर्नु पर्दछ ।

अनुसूची (ङ)

# ५. १ बर्षमुनिका बालबालिकाको सूची तयार गर्ने खोप रजिष्टरको नमूना (HMIS ५)

पूर्ण खोप गाविस

**नियमित खोप लगाउने**

जिल्ला :  स्वास्थ्य संस्था :  वडा नं. :  खोप

| दर्ता नं. | गाउँ | घरघुलीको नाम | बच्चाको नाम थर | जाति कोड | जन्म मिति | | | लिङ्ग | | विसिजी | | | डिपिटी हेप बी हिब | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | १ | | | २ | | | ३ |
| | | | | | ग | म | सा | पु | म | ग | म | सा | ग | म | सा | ग | म | सा | ग |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

सुनिश्चितता कार्यक्रम

# लक्षित बालबालिकाको सूची

कार्यकर्ताको नाम :                                    आ.ब.

| | | | पोलियो | | | | | | | | | दादुरा–रुबेला | | | | | | जापानीज इन्सेफलाइटिस | | | आमा/अभिभावकको मो. वा टेलिफोन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | | | २ | | | ३ | | | ९–११ | | | १२–३५ | | | १ | | | |
| | म | सा | ग | म | सा | ग | म | सा | ग | म | सा | ग | म | सा | ग | म | सा | ग | म | सा | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची (च)

# ६. पूर्ण खोप पाएका १२–२३ महिनाका बालबालिकाको समायोजन बिबरण फारम नमूना

पूर्ण खोप गाविस सुनिश्चितता कार्यक्रम

**पूर्ण खोप पाएका १२–२३ महिनाका बालबालिकाको समायोजन बिबरण**

गाविसको नाम :                    सुनिश्चित गरिएको मिति : २० / /

| वडा नं. | १२–२३ महिनाका बालबालिकाको संख्या | | खोप कार्ड भएका | जातजाति अनुसार पूर्ण खोप बालबालिकाको संख्या | | | | | | कैफि-यत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुलजम्मा | पूर्ण खोप पाएका | | १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| अन्य | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

**स्वास्थ्य संस्था प्रमुखको नाम :**

हस्ताक्षर

मिति

**स्वा.सं.व्य.स.का अध्यक्ष**

हस्ताक्षर

मिति

अनुसूची (छ)

# ७. १२ देखि २३ महिनाका बालबालिकामा गरिने सुलभ सर्भेक्षण फारमको नमूना (कसले प्रयोग गर्ने भनी राख्ने)

पूर्ण खोप गाविस

## १२ देखि २३ महिनाका बालबालिकामा

जिल्ला　　　गाविस :　　　वडा नं.

| क.सं. | घरमुलीको नाम | १२–२३ महिनाका बालबालिकको नाम | बालबालिकाको जन्म मिति | | | खोप | |
|---|---|---|---|---|---|---|---|
| | | | ग | म | सा | बिसिजी | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सुनिश्चित कार्यक्रम

# गरिने सुलभ सर्भेक्षण फारम

सर्भेक्षण गरेको मिति २०  /  /

| लिएको स्थानमा (✓) चिन्ह लगाउनुहोस् | | | | खोप कार्ड (छ/छैन) | बिसिजीको खत (छ/छैन) | पूर्ण खोप लिएको (छ/छैन) | नलिएको भएको त्यको कारण |
|---|---|---|---|---|---|---|---|
| डि पिटी हेब बी हिब १ | डिपिटी हेब बी हिब २ | डिपिटी हेब बी हिब ३ | दादुरा रुबेला | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# सुलभ सर्भेक्षण फारम प्रयोग गर्ने तरीका

## यस फारम प्रयोग गर्ने बिधि :

- यो जिल्ला खोप समन्वय समितिका सदस्यले पूर्ण खोप गाविस घोषणाका लागि सिफारिश भइ आएको गाविसमा तत्कालै गरिने सुलभ सर्भेक्षण फारम (अनुसूची छ) रहेको छ ।
- यो फारम सर्भेक्षण शुरु गरिने मिति वा निश्चित गरिएको मितिमा १२ देखि २३ महिना भित्रका बालबालिकाको विवरण लिनुपर्दछ ।
- सर्भेक्षणका लागि सिफारिश भएको गाविसमा Random Sampling बिधिबाट उक्त गाविसका कम्तीमा ३ वटा वडा छनौट गर्नुपर्दछ ।
- छनौट भइसकेपछि प्रत्येक वडाको मध्यभागमा गई लगातार १२–२३ महिनाका बालबालिका भएका प्रत्येक २० वटा घरमा गई उनीहरुले पूर्ण खोप पाए/नपाएको सुनिश्चित गर्नुपर्दछ । यदि उक्त वडामा बच्चा फेला नपरेमा नजिकको अर्को वडामा गई सोही संख्या पुर्‍याउनुपर्दछ ।
- यदि छनौट भएका प्रत्येक वडाका २० गरी जम्मा ६० जना बालबालिकाले यस फारम अनुसार पूर्ण खोप पाएको सुनिश्चित भएमा जिल्ला खोप समन्वय समितिले उक्त गाविसलाई पूर्ण खोप गाविस भनी घोषणा गर्न सक्नेछ ।

## फारमको बिबरण

- पहिलो Column मा १२ देखि २३ महिनाको उमेरका बालबालिका भएको घरको क.सं. लेख्ने,
- दोस्रो Column मा घरमुलीको नाम लेख्ने जसमा आमा वा बाबु वा उक्त बालबालिकाको रेखदेख गर्ने अभिभावक भनी सम्भनुपर्दछ,
- तेस्रो Column मा १२ देखि २३ महिनाका बालबालिकाको नाम लेख्ने,

- चौथो Column मा उक्त १२ देखि २३ महिनाको बालबालिकाको जन्म मिति लेख्ने, जसमा ग को स्थानमा गते, म को स्थानमा महिना र सा को स्थानमा साल क्रमशः संख्यामा लेख्ने,
- पाँचौ Column मा खोप लिएको भएमा क्रमशः बिसिजी, डिपिटी हेप बी हिब पहिलो मात्रा, दोस्रो मात्रा, तेस्रो मात्रा र दादुरा लिएको हो होइन भनी सोध्ने र आमासँग खोप कार्ड पनि माग्ने । यदि खोप कार्ड भएमा खोप कार्ड हेरी भर्ने र नभएमा आमा वा अभिभावक वा स्वास्थ्य संस्थाको अभिलेख अनुसार सबै खोप पाएको भएमा (✓) चिन्ह लगाउने र नभएमा (–) गर्ने,
- छैटौं Column प्रयोगका लागि आमा वा अभिभावकसँग उक्त बालबालिकाको खोप कार्ड माग्ने र यदि छ भने (छ) भनी लेख्ने र छैन भने (छैन) भनि लेख्ने,
- सातौं Column मा बच्चाले बिसिजी लगाउँदा खत थियो वा थिएन भनी बच्चाको दायाँ पाखुराको माथिल्लो भागमा हेर्ने र यदि छ भने (छ) भनी लेख्ने र छैन भने (छैन) भनि लेख्ने,
- माथिका सबै Column अनुसारको पूर्ण विवरण बमोजिम उक्त बालबालिकाले पूर्ण खोप लिएको छ भने (छ) भनी लेख्ने र छैन भने (छैन) भनि लेख्ने, र अन्तिम Column मा उक्त बालबालिकाले पूर्ण खोप नपाएको पाइएमा त्यसको कारण सोध्ने र लेख्ने ।

पुनश्च : यही किसिमले जम्मा ६० वटा बच्चामा गरिएको सर्भेक्षण अनुसार सबै बालबालिकाले सबै खोप पुरा गरेको पाइएमा उक्त गाविसलाई पूर्ण खोप गाविस भनी घोषणा गर्न सकिनेछ ।

# यस निर्देशिका तयार गर्नमा संलग्न व्यक्तिहरु

| क्र.सं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | डा. श्री मिङमार गेल्जेन शेर्पा | महानिर्देशक | स्वास्थ्य सेवा विभाग |
| २. | डा. श्री बालकृष्ण सूवेदी | उप महानिर्देशक | स्वास्थ्य सेवा विभाग |
| ३. | डा. श्री तारानाथ पोखरेल | निर्देशक | बाल स्वास्थ्य महाशाखा |
| ४. | श्री महेन्द्रप्रसाद श्रेष्ठ | निर्देशक | राष्ट्रिय तालिम केन्द्र |
| ५. | श्री गिरीराज सूवेदी | प्रमुख | खोप शाखा |
| ६. | श्री रमेशप्रसाद अधिकारी | बरिष्ठ जन स्वास्थ्य प्रशासक | जिल्ला जनस्वास्थ्य कार्यालय, कास्की |
| ७. | श्री बडेबाबु थापा | फर्मासिष्ट | आपूर्ति व्यवस्था महाशाखा |
| ८. | श्री प्रेमकुमार श्रेष्ठ | खोप सुपरभाइजर | बाल स्वास्थ्य महाशाखा |
| ९. | श्री बद्रीप्रसाद आचार्य | खोप सुपरभाइजर | जिल्ला जनस्वास्थ्य कार्यालय, कास्की |
| १०. | श्री एकनारायण लम्साल | खोप सुपरभाइजर | जिल्ला स्वास्थ्य कार्यालय, म्याग्दी |
| १३. | डा. श्री राजेन्द्र बोहरा | राष्ट्रिय संयोजक | विश्व स्वास्थ्य संघ/आइ.पी.डी. |
| १४. | श्री जगतमान श्रेष्ठ | तालिम अधिकृत | विश्व स्वास्थ्य संघ/आइ.पी.डी. |
| १५. | श्री विष्णु पौडेल | परामर्शदाता | युनिसेफ |
| १६. | श्री प्रदीप अधिकारी | परामर्शदाता | युनिसेफ |

*तयार गरिएको मिति : माघ २० देखि २५, २०६९*